# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/२/२२

नारायण नगरपालिका/ जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दैलेख अन्तरगत नारायण नगरपालिकामा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ, सिँचाइ र अन्य निर्माण योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरू, पाइपहरू, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउ पत्र साथ संलग्न परिमाण, दरभाउ पत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न सर्तहरूको अधीनमा रही सप्लाइ गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट निम्न सर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

| क्र स | योजनाको नाम | वडा न | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|
| १ | खहरेखोला खानेपानी तथा सरसफाइ योजना | नारायण न.पा. २ | सदरमुकाम |
| २ | वल्लो कालीमाटी खानेपानी तथा सरसफाइ योजना | नारायण न.पा. ३ | देसीगाडे वजार |
| ३ | कालिमाटी सोलार लिफ्ट खानेपानी तथा सरसफाइ योजना | नारायण न.पा. ३ | देसीगाडे वजार |
| ४ | कठायतवाडा खानेपानी तथा सरसफाइ योजना | नारायण न.पा. ४ | देसीगाडे वजार |
| ५ | गहतारी सिचाई कुलो योजना | नारायण न.पा.७ | वडाआवत चौक किमूगाउ |
| ६ | नाउलीखोला खप्तडा सिचाइ कुलो योजना | नारायण न.पा. ८ | सिमाडा |
| ७ | घियापानी तटबन्ध र खारेखोला बायो इन्जिनियरिंग योजना | नारायण न.पा. ११ | लोहोरे वजार |

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु. ३००० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) नारायण नगरपालिकाको राष्टिय बाणिज्य बैंक शाखामा रहेको खाता नं. ४०१०१००३०१०१०००२ आन्तरिक राजस्व खाता मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सातौ दिनको कार्यालय समय भित्र नारायण नगरपालिका को कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतवाट खरिद गर्न सकिने छ ।

२) खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ८औं (आठौ) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८औं (आठौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ

४) सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले नारायण नगरपालिका स्थीत उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८२/२/२९ गते नारायण नगरपालिकाको कार्यालय दैलेखमा दिनको २ बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, नगरपालिका कार्यालयका प्रतिनिधिहरु, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना नारायण नगरपालिकाको सूचना पाटीमा टाँस तथा वेबसाइटमा राखिनेछ ।

१२) अन्य थप जानकारी चाहिएमा नारायण नगरपालिका / वास युनिट (९८४८०४७६६६) वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर, सुर्खेत (०८३-५९०४६८) सम्पर्क गर्न सकिनेछ ।

**तपसील**

१) खहरेखोला खानेपानी तथा सरसफाइ योजना नारायण नगरपालिका वडा नं . २ दैलेख
२) वल्लो कालीमाटी खानेपानी तथा सरसफाइ योजना नारायण नगरपालिका वडा नं . ३ दैलेख
३) कालिमाटी सोलार लिफ्ट खानेपानी तथा सरसफाइ योजना नारायण नगरपालिका वडा नं . ३ दैलेख
४) कठायतवाडा खानेपानी तथा सरसफाइ योजना नारायण नगरपालिका वडा नं . ४ दैलेख
५) गहतारी सिचाइ कुलो योजना नारायण नगरपालिका वडा नं . ७ दैलेख
६) नाउलीखोला सप्तडा सिचाइ कुलो योजना नारायण नगरपालिका वडा नं . ८ दैलेख
७) घियापानी तटबन्ध र खारेखोला बायो इन्जिनियरिंग योजना वडा नं . ११ दैलेख

**संयुक्त खरिद समिति**